# महाशिला गाउँपालिकाको आ.व. २०८३/८४ को व्यय र आयको अनुमान

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

१. महाशिला गाउँपालिकाको दोश्रो गाउँसभाको चौथो बजेट सभा तथा २० औं गाउँसभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु ।

२. यस अवसरमा संघीय गणतन्त्रात्मक राज्य व्यवस्थाको निर्माणका लागि विभिन्न समय र परिस्थितीमा जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । संघीयतामूलक राजनैतिक व्यवस्था स्थापनाका लागि योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका नेताप्रति सम्मान प्रकट गर्दछु ।

३. समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि स्थानीय तहले आफ्नो सामर्थ्यले सार्वजनिक सेवा प्रवाह तथा विकासात्मक र सामाजिक सुरक्षामूलक कार्यक्रमहरुमार्फत योगदान दिंदै आएका छन । यस स्थानीय तहले उक्त राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि अख्तियार गरेका नीति तथा कार्यक्रमहरुले स्थानीय स्तरबाट संघीयताको मर्मको यथोचित सम्बोधन गरेको अनुभूत गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

४. समानता तथा समतामूलक र न्यायपूर्ण समाजको स्थापना हाम्रो उद्देश्य हो । स्थानीय सरकारप्रति नागरिकले अपनत्व, ममत्व र स्वामित्व अनुभूति गर्ने गरी गाउँसभाबाट निर्धारित वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनले स्थानीय सरकारप्रति आम नागरिकको विश्वाश कायम भएको छ । सिमीत स्रोत साधनका बाबजूद व्यवस्थापकीय कार्यकौशलताका कारण हाम्रा कार्यक्रमहरु नगरिककेन्द्रित रहेका र नागरिकको सुख र खुशी सिर्जना गर्न सफल भएका अनुभवहरु छन ।

५.	थैलीबाट विनियोजन गर्नुपर्ने हाम्रा स्रोत साधनहरु विविध कारणले संकुचितरुपबाट निसृत गर्नुपरेको छ । समाजवादउन्मुख अर्थतन्त्रको निर्माणका लागि गर्नुपर्ने कार्यहरु न्यून मात्राको स्रोतका कारण अपेक्षा बमोजिम कार्यान्वयन गर्न सकिएको छैन । आन्तरिक आयको अत्यन्त सिमितता र समानिकरण अनुदान प्राप्तिमा हुने नीतिगत समस्याका कारण आर्थिक स्रोतहरु परिचालन गर्न अन्य स्थानीय तहलाई जस्तै कठिन महशुश भएको छ । तापनि, सिमितताभित्र रहेर यथासम्भव प्रयास हुँदै आएको व्यहोरा यस सभालाई अवगत गराउँछु ।

६.	अब म हामीसँग रहेका चुनौतीहरुका सम्बन्धमा चर्चा गर्ने अनुमति चाहन्छु ।

(क) परम्परागत कृषि प्रणालीमा सुधार गर्न र निर्वाहमुखी कृषि अर्थतन्त्रलाई व्यावसायिकरुपमा रुपान्तरण गर्न नसक्दा कृषि उत्पादनमार्फत आर्थिक समुन्नति गर्न कठिन रहेको छ ।

(ख) कठिन भौगोलिक अवस्थाका कारण पूर्वाधार निर्माण कार्यका लागि आवश्यक स्रोतहरुको व्यवस्थापनमा देखा परेको समस्याका कारण पूर्वाधार निर्माण तथा विकास र दिगोपना कायम गर्न अठिनाइ उत्पन्न भएको छ ।

(ग) वैदेशिक रोजगार र बसाइसराइका कारण श्रम र सीपयुक्त युवा जनशक्तिको अभावका कारण आय, उत्पादन र रोजगारीको त्रिकोण समायोजन गर्न सकिएको छैन ।

(घ) राजस्वका दायराहरुको पहिचान गर्ने कार्यलाई क्रमशः विस्तार गरिंदै लगेको भए तापनि प्राकृतिक स्रोत साधनहरुबाट प्राप्त गर्न सकिने राजस्वको प्राप्ति सम्भावना अत्यन्त न्यून रहेको छ ।

(ङ) सार्वजनिक सेवालाई आनुपातिकरुपमा चुस्त र सक्षम बनाउँदै लगिएको भए तापनि पूर्णरुपमा समर्पित बनाउन सक्षमता विकास गर्नुपर्ने देखिएको छ ।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु**

७.	हामीसामु प्रस्तुत भएका चुनौतीहरुलाई सम्बोधन गर्दै हाम्रो महाशिलाः राम्रो महाशिला बनाउने अठोटका लागि आगामी बजेटले निम्न विषयहरुलाई थप सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

(क) व्यावसायउन्मुख कृषि अर्थतन्त्रको विकास मार्फत कृषि मार्फत आय र उत्पादन वृद्धि गर्दै नागरिक सुख र खुशी निर्माण गरिनेछ ।

(ख) स्थानीय रोजगारीका अवसरहरुको वृद्धि गरी रोजगारीका कारण हुने बसाइसराइलाई न्यून गरिनेछ ।

(ग) शैक्षिक गुणस्तरमा अभिवृद्धि गरी अन्तर स्थानीय तह शैक्षिक गुणस्तरीयता प्रतिस्पर्धा कायम गरिनेछ

(घ) राजस्वका नयाँ क्षेत्रहरुको पहिचान गरी स्रोतहरुको आय जोड गरिनेछ ।

(ङ) सार्वजनिक सेवालाई थप नागरिकमैत्री र प्रतिबद्ध प्रशासनको विकास गरिनेछ ।

८. प्रस्तुत चुनौती र प्रतिबद्धताका आधारमा रही आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले निम्न उद्देश्य तय गरेको छ ।

(क) कृषि उत्पादनमा वृद्धि गर्ने ।

(ख) शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

(ग) उद्यमशीलता विकास मार्फत आय, उत्पादन र रोजगारीका सम्भाव्यता विकास गर्ने ।

(घ) सामाजिक सुरक्षा र संरक्षणलाई स्थानीय तहका कार्यक्रमसँग सामञ्जस्यता कायम गर्ने ।

(ङ) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्ने ।

९. बजेटका प्राथमिकता देहाय बमोजिम रहेका छन ।

(क) बाँझो जग्गाको उपयोग र श्रमजीवी संस्कृतिको विकास ।

(ख) गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी ।

(ग) शैक्षिक गुणस्तरमा लगानी ।

(घ) सामाजिक क्षेत्रमा गुणात्मक विकास ।

(ङ) समता र समानता तथा न्यायपूर्ण समाजको स्थापना ।

१०. अब म आर्थिक वर्ष २०८२/८३ को ११ महिनाको आय र व्ययको अवस्थासम्बन्धि विवरण पेश गर्दछु ।

(क) आर्थिक वर्ष २०८२/८३ मा संघीय समानिकरण अनुदानमार्फत रु. ७ करोड १२ लाख .प्राप्त हुनुपर्नेमा उक्त अवधिसम्म ९१.४५ प्रतिशत अर्थात रु. ६ करोड ५१ लाख १२ हजार ४०० प्राप्त भएको छ । राजश्व बाँडफाँटबाट प्राप्त हुनुपर्ने कूल रकम रु. ६ करोड २७ लाख ६ हजार ६८८मध्ये ७५.५८ प्रतिशतले हुन आउने रकम रु. ४ करोड ७३ लाख ९४ हजार १७७ र पैसा १४ प्राप्ति भएको छ । आन्तरिक आयतर्फ रु.५ करोड ६१ लाख ७५ हजार ८५७ अनुमान गरिएकोमा रु. ८२ लाख २ हजार १७० र पैसा आय प्राप्त हुन आएको छ ।

(ख) कूल संसोधित बजेट रकम रु. ४५ करोड ४२ लाख ९५ हजार ५४५ मध्ये ज्येष्ठ मसान्तसम्म कूल रु. २५ करोड ९७ लाख ८६ हजार ३११ खर्च भएको छ, जुन कूल बजेटको ५७.१८ प्रतिशत हो । यसमध्ये चालूतर्फ रु.१८ करोड ९० लाख ४८ हजार ७६६ र पैसा २५ र पूँजिगततर्फ रु. ७ करोड ४७ लाख ३७ हजार ५४४ र पैसा ४४ खर्च भएको छ । चालू आर्थिक वर्षको अन्त्यसम्म ७३.१० प्रतिशत खर्च हुने अनुमान गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

अब म बजेटका क्षेत्रगत कार्यक्रम र विनियोजनको विवरण पेश गर्दछु ।

**शिक्षा क्षेत्र**

११. माध्यमिक तथा उच्च शिक्षा शिक्षण अनुदान कार्यक्रम, शिक्षक प्रोत्साहन र प्रतिस्पर्धा कार्यक्रम जस्ता कार्यक्रमलाई निरन्तरता दिएको छु । उक्त कार्यक्रमका लागि रु ६ लाख बजेट विनियोजन गरेको छु ।

१२. चालू आर्थिक वर्षदेखि प्रति विद्यालय एक सवारीसाधनका लागि प्रदान गर्न सुरु गरिएको इन्धन तथा मर्मत वापतको रकम प्रदान गर्ने कार्यक्रम आगामी आर्थिक वर्षका लागि समेत निरन्तरता दिएको छु । सो कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

१३. आगामी आर्थिक वर्षमा स्थानीय पाठ्यक्रमका निश्चित कक्षाको पाठ्यक्रम अद्यावधिक गरिनेछ । त्यस्तो अद्यावधिक हुने पाठ्यक्रममा स्थानीय रैथाने ज्ञान, सीपमा आधारित सिप विकासका कार्यक्रमहरु समेत समावेश गरिनेछ । स्थानीय पाठ्यक्रमका निश्चित कक्षाका लागि पाठ्यपुस्तक उपलब्ध गराइनेछ ।

१४. शिक्षक दरबन्दी पूरा नभएको वा शिक्षक अनुपस्थित भएको लगायतका अवस्थामा समेत तोकिएको अध्यापन कार्यमा प्रभाव पर्न नदिनका लागि कक्षा ४ भन्दा माथिका कक्षाहरुमा डिजिटल प्रणालीमा आधारित शिक्षण क्रियाकलाप सञ्चालन गरिनेछ । त्यस्तो कार्यक्रममार्फत मोबाइल एपमा आधारित विद्यार्थीको दैनिक मूल्यांकन गर्ने प्रणाली सुरु गरिनेछ । यसबाट प्रत्येक विद्यार्थीको मोबाइल एपमा पहुँच कायम गरी दैनिक सिकाइ उपलब्धि सोही दिन सम्बन्धित विद्यार्थी, निजको अभिभावक, सम्बन्धित शिक्षक, प्रधानाध्यापक र गाउँपालिकाले समेत प्राप्त गरिनेछ । उक्त कार्यक्रमका लागि मोबाइल एप लगायतको प्रविधि खरिद र जडानका लागि रु ९ लाख बजेट विनियोजन गरेको छु ।

१५. आगामी आर्थिक वर्षदेखि कक्षा ८ देखि १० सम्म कम्तिमा ६ महिना पूर्ण आवासयि रुपमा विद्यालय सञ्चालन गर्ने विद्यालयहरुलाई निःशर्त अनुदानको रुपमा रु ३ लाख उपलब्ध गराइनेछ । साथै, दरबन्दी प्राप्त नभई कक्षा १० भन्दा माथिका कक्षा सञ्चालन सुरु गर्ने विद्यालयलाई त्यस्तो कक्षा व्यवस्थापनका लागि आवश्यक पर्ने शिक्षकको पारिश्रमिक उपलब्ध गराउने कार्यका लागि रु ३ लाख अनुदान उपलब्ध गराइनेछ ।

१६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

१७. शैक्षिक स्तर वृद्धिका लागि प्रभावकारी सिद्ध भएको दिवा आवासीय विद्यालय कार्यक्रमका लागि रु. ६० लाख विनियोजन गरेको छु । विद्यालयसँगै सिप विकास कार्यक्रम तथा विद्यार्थी पेवा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

१८. विपन्न नागरिक लक्षित उच्च शिक्षा अध्ययनमा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।

२०. शैक्षिक संस्थाहरुको शैक्षिक क्रियाकलापलाई गाउँपालिकाको केन्द्रदेखि प्रविधिमा आधारित अनुगमन प्रणाली विकासको कार्य चालू आर्थिक वर्षमा नै सम्पन्न गरिनेछ ।

**कृषि तथा पशु क्षेत्र**

२१. चालू आर्थिक वर्षदेखि सुरु गरिएको कृषि ऋणमा ब्याज अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिएको छु ।

२२. पशु दाना बनाउने मेसिनमा ५० प्रतिशत अनुदान तथा फलफूलका विरुवा वितरणमा ५० प्रतिशत अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु । सो कार्यक्रमका लागि रु ४ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२३. उत्पादन महाअभियान अनुदान कार्यक्रम अन्तर्गत तरकारी र फलफूलमा प्रति केजि रु ५, खशीबोकामा प्रति केजि रु २५ र दुग्ध उत्पादन/बिक्रीमा प्रतिलिटर रु १० अनुदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिई आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. आगामी आर्थिक वर्षमा कृषि क्षेत्रमा तरकारी उत्पादन कार्यक्रमलाई बृहत बनाउने उद्देश्यले संघीय विशेष अनुदान अन्तर्गत प्राप्त कार्यक्रम तरकारी खेती प्रणाली संचना विस्तार तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ । सो का लागि रु १ करोड ४४ लाख बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु । तरकारी उत्पादनअन्तर्गतका कार्यक्रमहरु सोही योजना अन्तर्गत सञ्चालन गरिनेछ ।

२५. वडास्तर कोल्डस्टोर निर्माण गर्ने कार्यक्रमका लागि प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानको रु ४० लाखको बजेट व्यवस्था मिलाएको छु ।

**सामाजिक विकास क्षेत्र**

२६. जातिय भेदभाव विरुद्धको जनचेतना कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुको लागि विविध कार्यक्रम, युवा लक्षित सिप विकासका विभिन्न कार्यक्रमहरु, बालमैत्री वडा घोषणाका सूचकहरुको प्राप्ति, स्काउट क्रियाकलाप सञ्चालन, जनजाति उत्थानका विविध कार्यक्रमहरु, महिला लक्षित विविध कार्यक्रमहरु लगायतका विविध सामाजिक कार्यक्रमहरुका लागि रु २७ लाख विनियोजन गरेको छु । विदेशबाट फर्किएकाहरुको महाशिला रिटर्नी क्लबको कार्यक्रमलाई सोही बजेटबाट आवश्यक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

२७. गाउँपालिकाभित्र रहेका क्लब, आमा समूह, संघसंस्थाहरुको सहायताका लागि रु १४ लाख बजेट विनियोजन गरेको छु ।

२८. मानव स्वास्थ्य र पशु स्वास्थ्यको लागि आवश्यक औषधी खरिदका लागि रु १७ लाख बजेट विनियोजन गरेको छु । महाशिला आधारभूत अस्पतालमा अत्यावश्यक एक्सरे लगायतका मेशिनरी औजार खरिदका लागि रु ३० लाख बजेट सुनिश्चित गरेको छु ।

२९. समुदायमा रहेका ज्येष्ठ नागरिकहरुको अनुभव, दन्त्य प्रसंगहरुको पुस्तान्तरण लगायत कार्यका लागि ज्येष्ठ नागरिक अनुभव संग्रह गर्ने कार्यका लागि old citizen audio bank स्थापना गर्ने कार्यक्रमलाई विस्तार गर्न रु १ लाख विनियोजन गरेको छु ।

**वन, वातावरण, विपद, पर्यटन तथा इतिहास र कला क्षेत्र**

३०. एक वडाः एक रिचार्ज पोखरी निर्माणको कार्यक्रमलाई निरन्तरता दिएको छु। सिमसार क्षेत्रको संरक्षण, खानेपानी मूलको संरक्षण, रैथाने जडिवुटीको पहिचान र संरक्षण लगायतका तत् क्षेत्रका कार्यक्रमका लागि रु १२ लाख विनियोजन गरेको छु ।

३१. महाशिला शिला क्षेत्रमा निर्माण सम्पन्न भएको आश्रम भवनलाई बहुउपयोगी भवनको रुपमा उपयोगमा ल्याइनेछ । उक्त क्षेत्रमा आउने तीर्थालुको गासबासको सहजताका लागि स्वयंसेवक कामदारको व्यवस्था गरी उक्त भवनको भुईं तलाबाट सेवासुविधा प्रदान गरिनेछ । सो भवनका माथिल्ला तल्लाहरु गाउँपालिकाको अतिथी गृह तथा आवासको रुपमा प्रयोगमा ल्याइनेछ । महाशिला शिला क्षेत्रमा १०८ शिवलिङ्ग स्थापना गर्ने कार्यका लागि प्रदेश सरकारबाट प्राप्त भएको रकममा नपुग हुने रकम रु १८ लाख गाउँपालिकाको तर्फबाट विनियोजन गरेको छु ।

३२. गाउँपालिकाभित्रका पैयूँकोट, चिसापानी, शिवालय क्षेत्र, फलामखानी क्षेत्र र महाशिला शिला क्षेत्रको प्रचारप्रसार गर्नका लागि कुश्मा देखि लुँखुसम्म आवश्यक बोर्डहरु राख्ने कार्य गरिनेछ । सञ्चार क्षेत्रसँगको समन्वय समेतमा उक्त ठाउँहरुको प्रचारप्रसार गर्ने कार्यका लागि रु ६ लाख विनियोजन गरेको छु ।

३३. महाशिला गाउँपालिका बाइसे चौविसे राज्यको समयमा तत्कालिन पैयूँ राज्यको केन्द्र रहेको हुँदा यस स्थानीय तह ऐतिहासिकरुपमा महत्वपूर्ण स्थान समेत हो । इतिहासको जगेर्ना तथा संरक्षण गर्नुपर्ने स्थानीय तहको दायित्वलाई आगामी आर्थिक वर्षको यस बजेटले विशेष प्राथमिकता दिएको छ । हाल संरक्षण, मर्मत तथा स्तरोन्नति गर्नुपर्ने अवस्थामा रहेको गुर्धुमपोखरीलाई पुरानै शैलीमा कायम गर्ने कार्यका लागि रु ५ लाख विनियोजन गरेको छु । साथै, इतिहासको खोज र प्रकाशन गर्ने कार्यमा सहयोग उपलब्ध गराउने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३४. विद्यालयका शिक्षक, विद्यार्थी र कर्मचारीहरुका अतिरिक्त स्थानीय व्यक्तिहरुसमेतको सहभागितामा आगामी आर्थिक वर्षमा साहित्यिक महोत्सब कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**सुशासन तथा सार्वजनिक सेवा प्रवाह**

३५. विद्यालयको कक्षा शिक्षण क्रियाकलापको अनलाइन ट्र्याकिङ गर्ने कार्य व्यवस्थित गर्नका लागि आवश्यक इन्टरनेट लगायतको कार्यका लागि रु १२ लाख विनियोजन गरेको छु ।

३६. न्यायिक क्षमता विकास तथा सचेतनामूलक कार्यक्रम सञ्चालन र सहकारी संस्थाहरुलाई कोपोमिसको तालिम आगामी आर्थिक वर्षको पहिलो चौमासिक अवधिभित्र नै सञ्चालन गरिनेछ। उक्त कार्यक्रमहरुका लागि रु रु ५ लाख विनियोजन गरेको छु ।

## पूर्वाधार क्षेत्र

३७. चालू आर्थिक वर्षमा १४३ जना निर्माण स्वयंसेवकलाई रोजगारी प्रदान गरेको महाशिला स्वयंसेवक कार्यक्रम अन्तर्गतको निर्माण स्वयंसेवक कार्यक्रम सञ्चालनका लागि आगामी आर्थिक वर्षका लागि रु ५० लाख विनियोजन गरेको छु। साविकको प्रधानमन्त्री रोजगार कार्यक्रम (हालः राष्ट्रिय रोजगार कार्यक्रम) मा गाउँपालिकाले साझेदारी कायम गर्नुपर्ने हिस्साको लागि रु १६ लाख विनियोजन गरेको छु।

३८. संघीय सरकारको समपूरक अनुदानको रुपमा रु १ करोड ४७ लाख प्राप्त हुने अगुवा होश्राङ्गदी पैयूँभञ्ज्याङ गडी जम्पुर शुभद्रीखर्क सडकका लागि समपूरकको रुपमा व्यहोर्ने गरी र १ करोड ३ लाख छुट्याएको छु। यसै गरी संघीय सरकारको समपूरक अनुदानकै रुपमा रु ८० लाख प्राप्त हुने घण्टे फलामखानी घन्तरी लुँखु सडक स्तरोन्नतिका लागि गाउँपालिकाले समपूरकको रुपमा व्यहोर्ने गरी रु ५० लाख छुट्याएको छु । त्यस्तै, प्रदेश सरकारबाट समपूरक अनुदानको रुपमा रु ६० लाख प्राप्त हुने बालाकोट होश्राङदी जम्पुर शुभद्रीखर्क सडक स्तरोन्नति, वडा नं. १ र ३ लाई अनिवार्य दायित्वको रुपमा रु ६० लाख विनियोजन गरेको छु । त्यस्तै, जुकेखोला अर्गाउँदी बारेडाँडा सडकको पश्चिमको खण्ड बहुवर्षिय योजनाको रुपमा सञ्चालनका लागि हालका लागि रु १ करोड विनियोजन गरेको छु।

३९. आगामी आर्थिक वर्षमा वडाभित्रको शाखा बाटोको सरसफाइ गर्ने कार्य सम्बन्धित वडाले नै गर्ने गरी व्यवस्था मिलाएको छु। गाउँपालिकाको कार्यालयमा रहेको ब्याक हो लोडरमार्फत गाउँपालिकाभित्रका मूल बाटाहरु (क) टुङकुधारा-गानाबाङ (ख) मल्कवाङ-गानावाङ-लुँखु-मिलनचोक-भोक्सिङ-देउराली गैह्रा (ग) वाइचोक-लुँखु (घ) मिलनचोक-बारेडाँडा-होश्राङदी-शुभद्रीखर्क र (ङ) लुँखु-पाखापानी-शेरा बाटो मात्र सरसफाइ गरिनेछ। प्रत्येक वडाभित्र रहेको कूल कच्चि बाटोको लम्बाइका आधारमा

त्यस्तो बाटो सफाइका लागि वडालाई नै बजेट विनियोजन गरिएको छ । यसबाट तत्काल सरसफाइ गर्न सम्बन्धित वडा नै सफल हुने विश्वाश लिएको छु ।

४०. वाइचोक दुक्तान खण्डको बाँकी भाग आगामी आर्थिक वर्षको माघ मसान्तसम्म स्तरोन्नतिको कार्य सम्पन्न गर्ने गरी रु १ करोड १० लाख विनियोजन गरेको छु ।

**उत्प्रेरणा**

४१. सम्मानित सर्वोच्च अदालतको फैसला तथा प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयको परिपत्र बमोजिम करार कर्मचारीलाई महंगी भत्ता दिने व्यवस्था चालू आर्थिक वर्षको माघ महिनादेखि नै लागू गरिसकिएको छ । नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटमा घोषणा भए बमोजिम वृद्धि भएको तलबस्केल तथा प्रोत्साहन भत्ता वापतको रकमका लागि बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि मार्गदर्शनमा उल्लेख भए बमोजिम गरिनेछ । अन्तर स्थानीय तह सिकाइ, अन्तर संस्थागत तह सिकाइ आगामी आर्थिक वर्षमा अनिवार्यरुपमा सञ्चालन गरिनेछ ।

४२. आगामी आर्थिक वर्षमा कम्तिमा १ ओटा स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४३. स्वीकृत दरबन्दीअन्तर्गत नपर्ने नेपाल सरकार वा प्रदेश सरकार बाहेक गाउँपालिकाभित्रको आन्तरिक कार्यक्रमका कर्मचारीलाई नेपाल सरकारले तोके बमोजिमको महंगी भत्ता, चाडपर्व खर्च र प्रोत्साहन सुविधा उपलब्ध गराउन नसकिने भएको हुँदा त्यस्तो कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुलाई मासिक रु ७५०० फिल्ड भत्ता प्रदान गरिनेछ ।

४४. महाशिला स्वयंसेवक कार्यक्रम अन्तर्गत कार्यरत स्वयंसेवक शिक्षक, विजुली, खानेपानी, पर्यटन लगायतका क्षेत्रमा कार्यरत जनशक्तिको पारिश्रमिक सुविधामा बृद्धि गरेको छु । सम्बत २०८३ श्रावण देखि लागू हुने गरी त्यस्ता कर्मचारीहरुको पारिश्रमिक रकम रु

१३ हजार ३०० कायम गरेको छु। यस्तो बृद्धि भएको रकम नेपाल सरकारबाट भएको तलब बृद्धिको सिमाभित्र रहेको छ।

४५. महाशिला स्थापना दिवसको अवसरमा वडागत, सेवागत र शाखागत उत्कृष्ट कर्मचारी लाई सम्मान गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु।ँ शाखागत र संस्थागत रुपमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई अर्धवार्षिकरुपमा सम्मान मार्फत प्रोत्साहन गर्नका लागि आवश्यक कार्यक्रमको तय गरेको छु।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

४६. आगामी आर्थिक वर्षका लागि कूल खर्च रु ४६ करोड ४७ लाख ४८ हजार ४९ रुपैयाँ विनियोजन गरेको छु।

४७. आगामी आर्थिक वर्षका लागि खर्च व्यहोर्ने श्रोतमध्ये संघीय सरकारमार्फत सशर्त अनुदान चालूतर्फ रु १८ करोड ४७ लाख, सशर्त अनुदान पूँजिगततर्फ रु ३० लाख, समपूरक अनुदानतर्फ रु २ करोड २७ लाख, विशेष अनुदानतर्फ रु १ करोड ४४ लाख र समानीकरण अनुदानतर्फ रु ७ करोड ४९ लाख र राजश्व बाँडफाटतर्फबाट रु ५ करोड ९० लाख २४ हजार प्राप्त हुने अनुमान गरेको छु। यस्तै, गण्डकी प्रदेश सरकारबाट समपूरक अनुदानतर्फ रु ६० लाखर विशेष अनुदानतर्फ रु ४० लाख प्राप्त हुने अनुमान गरेको छु। प्रदेश सरकारबाट समानिकरण अनुदानतर्फ रु ७३ लाख ८९ हजार र राजश्व बाँडफाटतर्फ रु ६४ लाख ६२ हजार ७६० र पैसा ८० प्राप्त हुने अनुमान गरेको छु। संघीय सरकारबाट प्राप्त हुनुपर्ने बाँकी रकम तथा प्रदेश सरकारबाट प्राप्ति हुन सम्भाव्य देखिएको समेत समावेश गरी आन्तरिक आयतर्फ ४ करोड ६० लाख ६५ हजार ८७५ प्राप्त हुने

अनुमान गरेको छु । यसबाट न्यून हुन आउने रकम रु ३ करोड ६१ लाख ६ हजार ४१३ र पैसा २० गत बर्षको नगद मौज्दात रहने अनुमान गरेको छु ।

गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८३/८४ का लागि राजश्व (आन्तरिक आय) को प्राप्तिका लागि कार्यक्रम प्रस्तुत गर्दछु ।

४८. चालू आर्थिक वर्षका लागि निर्धारित राजस्वका दरहरुमा सामान्य हेरफेर गरेको छु । राजश्वका अन्य दरहरुमा यथावत कायम गर्दै बिक्रीका लागि कटान हुने रुखको सिफारिश वापतको रकम प्रति रुख रु २५० कायम गरेको छु ।

४९. आगामी आर्थिक वर्षमा राजस्वका नयाँ क्षेत्रहरु पहिचान गरी त्यस्तो राजस्व संकलन गर्ने कार्यका लागि गाउँसभाका सदस्यहरु प्रत्यक्ष जिम्मेवार हुने र राष्ट्रसेवक कर्मचारीहरुको पूर्ण लगाव रहने प्रणालीको व्यवस्था गरेको छु ।

५०. कार्यालयहरुबाट चलानी हुने सिफारिश सम्बन्धि कागजातहरुमा आम्दानी रसिद नं. अनिवार्यरुपमा उल्लेख गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।

गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,

५१. अन्त्यमा, आगामी आर्थिक वर्ष २०८३/८४ का लागि पेश भएको प्रस्तुत बजेटले समृद्ध महाशिलाको आधार सिर्जना गर्ने कुरामा विश्वस्त रहेको छु ।

५२. यो बजेट निर्माण गर्ने कार्यमा मार्गदर्शन, सुझाव र सहयोग गर्नुहुने श्रद्धेय अध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधीहरु तथा राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !